# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, असोज ३० गते, २०८० साल


## भाग १

### काठमाडौँ महानगरपालिका
### टोल विकास संस्था (गठन तथा परिचालन)
### कार्यविधि, २०८०

**प्रस्तावना** : टोल तथा बस्तीस्तरीय जनसहभागिताको माध्यमबाट सहरी विकासमा दिगोपना र अपनत्व सिर्जना गर्न काठमाडौँ महानगरपालिका क्षेत्रभित्रको निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको समूह निर्माण गरी आफ्नो टोल क्षेत्रको विकास, निर्माण तथा समग्र सुधारका कार्यक्रममा नागरिक तहबाट सहजीकरण तथा सहयोग गर्नको लागि वडा

कार्यालयसँगको समन्वयमा टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम काठमाडौँ महानगरपालिका "**टोल विकास संस्था कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आयोग"** भन्नाले काठमाडौँ महानगरपालिकाअन्तर्गतको सहरी योजना आयोग सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले काठमाडौँ महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) **"टोल भेला"** भन्नाले संस्थाको साधारण सदस्यहरूको वार्षिक रूपमा हुने भेला सम्झनु पर्छ ।

(घ) **"टोल विकास संस्था"** भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घरधुरीका प्रतिनिधिहरूको उपस्थितिमा विकासनिर्माण, सेवाप्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई काठमाडौँ महानगरपालिकाको सम्बन्धित वडा कार्यालयमा सूचीकृत भएको गैह्रनाफामूलक सामुदायिक संस्था सम्झनु पर्छ ।

(ङ) **"पदाधिकारी"** भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरू समेतलाई सम्झनु पर्छ।

(च) **"बैठक"** भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(छ) **"वडा"** भन्नाले काठमाडौँ महानगरपालिकाको वडा सम्झनु पर्छ।

(ज) **"विधान"** भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ।

(झ) **"समिति"** भन्नाले संस्थाको कार्य समितिको रूपमा काम गर्ने टोल विकास समिति सम्झनु पर्छ।

(ञ) **"संस्था"** भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२
## टोल विकास संस्था गठन तथा परिचालनसम्बन्धी व्यवस्था

३. **संस्थाको गठन** : (१) महानगरपालिका क्षेत्रभित्रका निश्चित टोललाई समेटी सम्बन्धित वडा समितिले टोल विकास संस्था गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम टोल विकास संस्था गठन गर्दा देहायको आधारमा गरिनेछ :-

(क) प्रत्येक वडाको भौगोलिक क्षेत्रलाई कम्तिमा २ वटा र बढीमा १० वटा टोलमा सिमाङ्कन गर्ने,

(ख) प्रतिटोल कम्तिमा ०.१ र बढीमा ०.३ वर्ग किलोमिटरसम्मको क्षेत्रफल हुने,

(ग) प्रत्येक टोलमा ४०० देखि २५०० घरधुरी रहने।

(३) उपदफा (१) बमोजिम टोल विकास संस्था गठन गर्दा बाटो, नदी, कुलो, अन्य भौतिक संरचना आदि सिमानाका आधारमा सहज हुने गरी चारकिल्ला तोकी गठन गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम टोल विकास संस्थाको सिमांकन तथा नामांकन गर्ने कार्यमा आयोगले सम्बन्धित वडा समितिलाई प्राविधिक सहयोग गर्नेछ।

(५) टोल वा बस्ती भित्रका कुनै घरधुरीलाई टोल विकास संस्थामा समावेश गर्न छुटेमा सम्बन्धित वडा कार्यालयले समावेश गर्न लगाउनेछ।

४. **टोल विकास समिति** : (१) प्रत्येक टोल विकास संस्था सञ्चालन गर्न टोल भेलाबाट टोल विकास समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने टोल विकास संस्थामा देहाय बमोजिमका पदाधिकारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | - एक जना |
| (ख) | उपाध्यक्ष | - एक जना |
| (ग) | सचिव | - एक जना |
| (घ) | कोषाध्यक्ष | - एक जना |
| (ङ) | सदस्यहरू | - पाँच जना |

(३) उपदफा (२) बमोजिम टोल विकास संस्था गठन गर्दा टोल तथा बस्तीभित्रका प्रत्येक घरधुरीबाट एकजनाको सहभागिता हुनेछ। सबै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी भएको टोल भेलाबाट टोल विकास समिति गठन गर्न सकिनेछ।

(४) यस दफाबमोजिम टोल विकास समिति गठन गर्दा टोलभरिको भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा टोल भेलाबाट सर्वसम्मत रूपमा समितिको गठन गर्नुपर्नेछ।

टोल विकास समितिमा अध्यक्ष वा उपाध्यक्षमध्ये एकजना महिला, सचिव र कोषाध्यक्षमध्ये एकजना महिला र सदस्यहरूमा कम्तिमा दुई जना महिला हुनुपर्नेछ ।

तर, यस दफाबमोजिम टोल भेलाबाट सर्वसम्मत रूपमा टोल विकास समिति गठन हुन नसकेमा उपस्थित सदस्यहरूको बहुमतबाट टोल विकास समिति गठन गर्नुपर्नेछ ।

(५) टोल विकास समितिको कार्यकाल गठन भएको मितिले तीन वर्षको हुनेछ ।

(६) कुनै एक व्यक्ति अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी पदाधिकार रहन सक्नेछैन ।

(७) यस दफा बमोजिम हुने टोल भेलामा सम्बन्धित वडा समितिको अध्यक्ष वा सदस्यको उपस्थिति र रोहवर अनिवार्य हुनुपर्नेछ ।

५. **टोल विकास समितिका पदाधिकारीको पद रिक्तसम्बन्धी व्यवस्था** : (१) दफा ४ बमोजिम गठन भएको समितिका पदाधिकारीहरूको पद देहायबमोजिमको अवस्थामा रिक्त हुनेछ :

(क) अध्यक्षले उपाध्यक्षमार्फत समितिसमक्ष र उपाध्यक्षसहित अन्य पदाधिकारीले अध्यक्षसमक्ष राजीनामा दिएमा,

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,

(ग) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरूको हकमा समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरू मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

६. **वडा कार्यालयमा सूचीकृत हुने :** (१) सम्बन्धित वडा समितिको निर्णयले सिमाना कायम भई गठन भएको टोल विकास संस्था सोही वडा कार्यालयमा सूचीकृत गरी अनुसूची १ बमोजिमको प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

(२) प्रत्येक टोल विकास संस्थाको नाम वडा समितिको निर्णयबाट हुनेछ । नाम राख्दा मेट्रिक ठेगाना प्रणालीबमोजिम गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम टोल विकास संस्थाको नामसम्बन्धी निर्णय गर्दा महानगरपालिकाले तोकेको आधारभूत मापदण्ड वा सर्तलाई आधार मान्नुपर्नेछ ।

(४) यस दफाबमोजिम वडा कार्यालयमा सूचीकृत भएका टोल विकास संस्थाको विवरण महानगरपालिकाको प्रशासन विभागले अद्यावधिक गर्नेछ ।

## परिच्छेद-३
## टोल भेलासम्बन्धी व्यवस्था

७. **नियमित टोल भेला** : (१) टोल विकास संस्थाको वार्षिक रूपमा २ वटा नियमित भेला गर्नुपर्नेछ ।

(२) संस्थाको टोलभेला अध्यक्षले बोलाउनेछ ।

(३) उपदफा (१) बमोजिमको टोलभेला प्रत्येक आर्थिक वर्षको असोज महिनाभित्र र चैत्र महिनाभित्र गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको टोल भेला आह्वान गर्दा दुई टोलभेलाको बिचमा ६ महिनाभन्दा बढी अवधि फरक हुन सक्ने छैन ।

(५) टोल संस्थामा आबद्ध कुल सदस्यमध्ये एक तिहाई सदस्यहरूले टोल भेला आवश्यक छ भनी विषय र कारण खुलाई टोल विकास समितिमा लिखित अनुरोध गरेमा वा सम्बन्धित वडा समितिको

निर्णयले कुनै विशेष प्रस्तावउपर जुनसुकै बेला टोलविकास संस्थाको टोलभेला हुन सक्नेछ ।

(६) नियमित टोल भेला आह्वान गर्नुपूर्व वडा समिति तथा महानगरपालिकासँग सम्बन्धित प्रस्ताव सम्बन्धमा वडा समितिसँग परामर्श गरी स्वीकृति लिनुपर्नेछ ।

८. **टोलभेलाको काम, कर्तव्य र अधिकार :** टोल भेलाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वार्षिक लेखा परीक्षण प्रतिवेदनउपर छलफल गरी पारित गर्ने,

(ख) टोल विकास समितिको तर्फबाट पेस हुने वार्षिक प्रतिवेदन पारित गर्ने,

(ग) आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम पारित गर्ने,

(घ) लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

(ङ) टोल विकास संस्थाले सञ्चालन गर्ने टोल सुधार तथा विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू पारित गर्ने,

(च) टोल विकास समितिका पदाधिकारीहरूको चयन गर्ने,

(छ) महानगरपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-४

## टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार

९. **टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार :** (१) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सहभागितामूलक योजना तर्जुमा प्रणालीअनुसार बस्ती तथा टोलस्तरबाट माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने कार्यमा वडा समितिसँग समन्वय, सहयोग र सहकार्य गर्ने,

(ख) टोल भित्रका वार्षिक, आवधिक तथा दीर्घकालिन योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा वडा समितिलाई सहयोग गर्ने,

(ग) संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू दोहोरो नपर्ने गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(घ) टोल क्षेत्रभित्रका भौतिक पूर्वाधार, सार्वजनिक सम्पतिको संरक्षण गर्ने, मर्मत सम्भार गर्ने, रेखदेख गर्ने र व्यवस्थापन गर्ने कार्यमा वडा समितिलाई सुझाव दिने तथा आवश्यक सहजीकरण गर्ने,

(ङ) आफ्नो टोल क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा, पार्क, सार्वजनिक पुस्तकालय, पुरातात्विक सम्पदा, प्राचीन स्मारक, सार्वजनिक भवन, खुला क्षेत्र, नदी, पोखरी, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल आदिको संरक्षण गर्ने र लगत राख्ने कार्यमा वडा कार्यालयलाई सहयोग गर्ने,

(च) आफ्नो टोल क्षेत्रभित्र जनचेतना विकास तथा सूचना आदानप्रदान गर्ने कार्य गर्ने,

(छ) फोहरमैलाको व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाइ, आकाशेपानी पुनरभरण कार्यक्रम, हरियाली प्रवर्द्धन जस्ता कार्यक्रमहरूका लागि प्रस्ताव तयार गरी वडा समितिमा पेस गर्ने र वडा समितिको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

(ज) स्थानीय जात्रा, चाडपर्व, भाषा, संस्कृति, कला, नाटक तथा सांस्कृतिक कार्यक्रमहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यमा सहयोग गर्ने,

(झ) टोल क्षेत्रभित्र खेलकुद पूर्वाधारको संरक्षण गरी वडासँगको समन्वयमा खेलकुदका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ञ) टोल विकास समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ट) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्न/गराउन वडाका जनप्रतिनिधि, सम्बन्धित कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिसँग समन्वय गर्ने,

(ठ) टोल तथा बस्तीलाई वातावरणमैत्री, सफासुग्घर, शान्त, सुरक्षित, जनसहभागितामूलक र मानवीय सम्बन्धयुक्त बनाउन वडा कार्यालयलाई सहयोग गर्ने,

(ड) टोल क्षेत्रभित्र नक्सापास तथा मापदण्डअनकुल मात्र भवन निर्माण गर्न प्रोत्साहित गर्ने र अनधिकृत निर्माण भएमा वडा कार्यालय तथा महानगरपालिकालाई जानकारी गराउने,

(ढ) टोल क्षेत्रभित्र उत्पन्न हुने विवाद व्यवस्थापन गर्न सहजीकरण गर्ने, मेलमिलापको लागि वडा कार्यालयमा रहेको मेलमिलाप केन्द्रलाई सहयोग गर्ने,

(ण) जेष्ठ नागरिकको सम्मान, महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत समुदायको उत्थानमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्ने,

(त) विभिन्न समुदायबिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने आधारको रूपमा काम गर्ने,

(थ) कानुन विपरीतका विवाह, लैंगिक हिंसा, छुवाछुत, बालश्रम जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्न/गराउन सहकार्य गर्ने,

घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करीलगायतका सामाजिक अपराध तथा खरावीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने,

(द) असहाय तथा बेवारिसे व्यक्तिको उद्दार तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने,

(ध) टोल तथा बस्तीलाई महानगरपालिकाले तोकेका सूचकहरूका आधारमा नमूना टोलको रूपमा विकास गर्ने,

(न) टोलमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने,

(प) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाइ, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियान तथा महानगरपालिकाले तोकेका विविध अभियानहरूमा सहयोग र समन्वय गर्ने,

(फ) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने,

(ब) टोलबासीले कानुनबमोजिम महानगरपालिकालाई तिर्नुपर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने र यससम्बन्धी अभियान चलाउने,

(भ) जन्म, विवाह, बसाइँसराइ, सम्वन्धविच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने,

(म) टोल बस्तीमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थलगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा महानगरपालिका र वडा कार्यालयलाई सहयोग गर्ने,

(य) महानगरपालिका तथा सम्बन्धित वडा समितिको निर्णयानुसारका अन्य कार्यहरू गर्ने/गराउने ।

## परिच्छेद-५

## समितिको बैठक र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१०. **टोल विकास समितिको बैठक** : (१) समितिको बैठकको सञ्चालन देहायबमोजिम हुनेछ :-

(क) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ । मनासिव कारणविना तीन महिनासम्म अध्यक्षले बैठक नबोलाएमा बहुमत सदस्यको उपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक बस्न सक्नेछ ।

(ख) कार्य समितिको बैठक महिनामा कम्तिमा एकपटक र आवश्कताअनुसार जतिपटक पनि बस्न सक्नेछ ।

(ग) समितिको बैठकमा वडा समितिका अध्यक्ष तथा सदस्य, विज्ञ तथा अन्य सरोकारवालहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको वैठकको निर्णय सचिवले तयार गर्नेछ ।

(ङ) समितिको बैठकको निर्णयहरू बैठकमा उपस्थित पदाधिकारीहरूबाट हस्ताक्षर गरी प्रमाणित गराउनुपर्नेछ ।

(२) उदफा (१) बमोजिम समितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा अन्य कागजातहरू सचिवको जिम्मामा रहनेछ ।

(३) समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ । संस्थाको कार्यालय स्थापना भइनसकेको अवस्थामा समितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ ।

(४) टोल विकास समितिले गरेका निर्णयको प्रतिलिपि बैठक बसेको मितिले तीन दिनभित्र अनिवार्य रूपमा सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ ।

**११. <u>समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>** : टोल विकास समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(१) <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय, स्थान र एजेण्डा तोक्ने,

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने,

(घ) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

(ङ) संस्थाका निर्णयहरू लागू गर्ने/गराउने,

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने,

(छ) आवश्यकताअनुसार विशेष बैठक बोलाउने,

(ज) समितिको बैठकको निर्णयमा मत बराबर भएमा निर्णायक मत दिने,

(झ) काठमाडौँबाहिर रहनुपर्ने अवस्था भएमा उपाध्यक्षलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोक्ने,

(ञ) कार्यविधिबमोजिम अन्य कार्यहरू गर्ने,

(२) <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरू गर्ने ।

(ख) टोल विकास समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) <u>सचिवको काम, कर्तव्य र अधिकार</u>

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने,

(ख) छलफलका प्रस्तावहरू सङ्कलन गरी बैठकमा पेस गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने,

(ग) समितिको बैठक बसेको मितिले तीन दिनभित्र सम्बन्धित वडा कार्यालयमा बैठकले गरेको निर्णयको प्रतिलिपि पठाउने,

(घ) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरूलाई जानकारी गराउने,

(ङ) महानगरपालिका, वडा कार्यालय र अन्य सम्बन्धित निकायमा संस्थाको तर्फबाट पत्राचार गर्ने, प्रतिवेदन पेस गर्ने,

(च) समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(४) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने,

(ख) बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष र सचिवमध्ये एक र आफ्नो अनिवार्य दस्तखतबाट सञ्चालन हुने गरी खाता सञ्चालन गर्ने,

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(५) <u>सदस्यहरूको काम, कर्तव्य र अधिकार</u>

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रिय रूपमा सहभागी हुने,

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने, समितिको निर्णय कार्यान्वयन भए वा नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने,

(ग) आवश्कताअनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने,

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-६
## आर्थिक व्यवस्थापन

**१२. संस्थाको आम्दानी :** (१) संस्थाले देहायबमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :-

(क) काठमाडौँ महानगरपालिकाबाट प्राप्त हुने अनुदान रकम,

(ख) सरकारी तथा गैह्रसरकारी निकायहरू, सामुदायिक संस्था तथा व्यक्तिहरूबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम,

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी,

(घ) अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौताबमोजिम प्राप्त रकम,

(ङ) संस्थाका सदस्यहरूबाट प्राप्त शुल्क तथा सहयोगको रकम,

(च) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने रकम संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(३) संस्थाको खर्च प्रचलित आर्थिक प्रशासन नियमबमोजिम हुनेछ ।

**१३. संस्थाको खर्च :** संस्थाको खर्च देहायबमोजिम हुनेछ :

(क) महानगरपालिका तथा वडा कार्यालयको निर्णय र सम्झौताबमोजिमका कार्यहरूमा,

(ख) टोल विकास संस्थाको वार्षिक भेलाबाट स्वीकृत कार्यक्रमहरूमा,

(ग) टोल तथा वस्तीहरूमा आइपर्ने आकस्मिक कार्यहरूमा ।

१४. **संस्थाको लेखा, प्रतिवेदन तथा अन्य :** (१) संस्थाको नाममा समितिका अध्यक्ष र सचिवमध्ये एक र कोषाध्यक्षको अनिवार्य हस्ताक्षरबाट बैंक खाता सञ्चालन हुनेछ ।

(२) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रूपमा राख्नुपर्नेछ ।

(३) कोषाध्यक्षले आम्दानी खर्चको हिसाबकिताब चौमासिक रूपमा समितिको बैठकमा पेस गर्नु पर्नेछ ।

(४) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र टोल भेलामा पेस गर्नुपर्नेछ ।

(५) संस्थाले रजिष्टर्ड लेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण गराई सो प्रतिवेदन टोल भेलामा पेस गरी स्वीकृत गराउनुपर्नेछ ।

(६) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र लेखापरीक्षण गराई टोल भेला सम्पन्न गरिसक्नुपर्नेछ ।

(७) स्वीकृत लेखापरीक्षण प्रतिवेदन वडा कार्यालय र महानगरपालिकामा पेस गर्नुपर्नेछ ।

१५. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैह्रसरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

१६. **उपभोक्ता समिति परिचालन हुने :** (१) प्रत्येक टोल विकास संस्थाको भौगोलिक क्षेत्रभित्रका विकास निर्माण, टोलसुधार तथा अन्य योजना तथा कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिसम्बन्धी प्रचलित कानुनबमोजिम गठन भई सोमार्फत कार्य गर्न/गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता समितिले सम्बन्धित टोल विकास संस्थासँग समन्वय र सहजीकरण गरी कार्य गर्नुपर्नेछ ।

(३) यस दफाबमोजिम उपभोक्ता समिति गठन हुँदा सम्बन्धित वडा समिति र टोल विकास सँस्थाको प्रतिनिधिको उपस्थितिमा गर्नुपर्नेछ ।

(४) सामान्यतः उपभोक्ता समितिमा टोल विकास संस्थाको प्रतिनिधित्व हुनुपर्नेछ ।

१७. **स्मार्ट टोल विकास संस्था घोषणा हुने :** (१) महानगरपालिकाले तोकेका सूचकहरूका आधारमा प्रत्येक वर्ष एक वडा एक स्मार्ट टोल घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्मार्ट टोल घोषणा गर्नुअघि स्मार्ट टोलका सूचकहरू महानगरपालिकाले तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा भएको स्मार्ट टोललाई महानगरपालिकाले थप रकम विनियोजन गरी टोलको विकास निर्माण तथा सुधारका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(४) स्मार्ट टोलको विकास तथा सुधारको लागि आवश्यक कार्यक्रमहरू टोल विकास समितिले प्रस्ताव गरी वडा समितिबाट सिफारिस भएपश्चात महानगरपालिकाले निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

**१८.** **समन्वय समिति** : (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरू - सदस्य

(ग) वडा क्षेत्रभित्र रहेका टोल विकास संस्थाका अध्यक्षहरू - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक अर्धवार्षिक रूपमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिले वडाभित्रका सबै टोल विकास संस्थाको काम कारबाहीलाई प्रभावकारी बनाउन टोल विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**१९.** **सन्दर्भ योजना हुने** : (१) टोल भेलाले पेस गरेको टोलसँग सम्बद्ध योजना तथा कार्यक्रमहरू सम्बन्धित वडा समितिका लागि सन्दर्भ योजना हुनेछ।

(२) उपदफा (१) बमोजिम टोल भेलाले पेस गरेका योजना तथा कार्यक्रमहरू वार्षिक कार्यक्रममा समावेश हुने वा नहुने निर्णय वडा समितिको क्षेत्राधिकारभित्रको विषय हुनेछ ।

२०. **टोल विकास समिति भङ्ग गर्न सक्ने** : (१) सार्वजनिक सम्पत्तिको हिनामिना गरेमा, प्रचलित कानुन विपरीत कार्य गरेमा, सम्बन्धित वडा कार्यालयसँग समन्वय नगरी कार्य गरेमा तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो टोल विकास समितिलाई सम्बन्धित वडा समितिले भङ्ग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भङ्ग भएको टोल विकास संस्थाको जानकारी कार्यपालिकालाई गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम टोल विकास समिति भङ्ग भएको अवस्थामा दुई महिनाभित्र यसै कार्यविधिबमोजिम टोल भेला गरी नयाँ टोल विकास समिति गठन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको भेला सम्बन्धित वडा कार्यालयको समन्वयमा हुनेछ ।

२१. **बाधा अडकाउ फुकाउ** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन परेमा वडा समितिले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

## अनुसूची १

(दफा ६ (१) सँग सम्बन्धित)

## टोल विकास संस्था सूचीकृत भएको प्रमाणपत्रको ढाँचा

काठमाडौं महानगरपालिका

......नं वडा कार्यालय

**टोल विकास संस्था सूचीकृत प्रमाणपत्र**

मितिः ........................

काठमाडौं महानगरपालिका वडा नं. ... स्थित तपसिलबमोजिमको चारकिल्ला भित्रका टोलबस्ती समेटिने गरी ........................................... नामको टोल विकास संस्था गठन भएकोले टोल विकास संस्था सञ्चालन कार्यविधि, २०८० को दफा ६(१) बमोजिम तहाँ ........................................... संस्था यस वडा कार्यालयको द.नं. ...... मा सूचीकृत भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

काठमाडौं महानगरपालिकाको टोल विकास संस्थासम्बन्धी नीति, कानुन तथा महानगरपालिका र वडा कार्यालयको संस्थागत निर्णयबमोजिम संस्था सञ्चालन गर्न सूचित गरिन्छ ।

चारकिल्ला

पूर्व.................

पश्चिम.................

उत्तर ..................

दक्षिण ...................

वडा अध्यक्ष

....... नं. वडा कार्यालय

स्वीकृत मिति : २०८०/०६/३०

**आज्ञाले**

**बसन्त अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**